नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम

सिहदरबार, काठमाण्डौं, नेपाल
फोन नं. ४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http://pmep.gov.np

प.सं. २८५
च.नं. /pmep/

मिति: २०७८/०३/०३

श्री नगर कार्यपालिका तथा गाउँ कार्यपालिकाको कार्यालय सबै (७५३)
मार्फत: संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिहदरबार

विषय: आ.व.२०७८/७९ प्र.म.रो.का.को बजेट कार्यान्वयन गर्ने सम्बन्धी मार्गदर्शन ।

प्रस्तुत विषयमा आगामी आर्थिक वर्ष २०७८/७९ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ७५३ स्थानीय तहलाई हस्तान्तरण भएको सशर्त अनुदान कार्यान्वयन गर्न अन्तर सरकारी वित्त व्यवस्थपान ऐन, २०७४ को दफा ९(२) बमोजिम निम्नानुसारको शर्त तथा मार्गदर्शन पठाइएको व्यहोरा नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०७८/०३/०३ को निर्णयानुसार अनुरोध छ ।

क) श्रोतगत विवरण:-

१. स्थानीय तहलाई देहायको दुई श्रोतबाट सशर्त अनुदान उपलब्ध गराइएको छ ।
   क) उप शीर्षक: ३७१००१०२ नेपाल सरकारको श्रोत
   ख) उप शीर्षक: ३७१००१०३ युवा रोजगारीको लागि रुपान्तरण पहल आयोजना (विश्व बैंकको सोधभर्नामा आधारित ऋण)

ख) स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश गर्नु पर्ने

२. यस कार्यक्रमको बजेट तथा कार्यक्रम 'स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४' अनुसार स्वीकृत गरी कार्यान्वयन गर्नु पर्नेछ ।
३. आयोजना तर्जुमा गर्दा सूचिकृत बेरोजगार व्यक्तिलाई बढिमा एक सय दिन बराबरको रोजगारी सिर्जना हुने गरी रोजगारमूलक आयोजनाको तर्जुमा गर्नु पर्नेछ ।

ग) आयोजना छनौट सम्बन्धमा

४. नेपाल सरकारको ब.उ.शि. ३७१००१०२ मार्फत कामका लागि पारिश्रमिकमा आधारित आयोजना कार्यान्वयनको लागि प्राप्त अनुदानको लागि आयोजना छनौट गर्दा 'कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७' को दफा ४ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७० बमोजिम हुनु पर्नेछ ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम

सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं. ४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http://pmep.gov.np

प.सं. ....................
च.नं. /pmep/

५. विश्व बैंकको स्रोततर्फ ब.उ.शि. ३७१००१०३ मार्फत कामका लागि पारिश्रमिकमा आधारित आयोजना कार्यान्वयनको लागि प्राप्त अनुदानको लागि आयोजना छनौट गर्दा 'युवा रोजगारीका लागि रुपान्तरण पहल (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६' को दफा २९ अन्तरगतका क्षेत्रमा रहेका आयोजनालाई छनौट गरी दफा ३१ बमोजिम स्वीकृत भएको हुनु पर्नेछ ।

६. बुँदा ४ र ५ बमोजिम स्थानीय तहको वार्षिक योजना तर्जुमाका सबै चरण पुरा गरेका आयोजनालाई 'कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७' को दफा ४ (३) बमोजिम आयोजना बैङ्क (प्रोजेक्ट बैङ्क) तयार गरी प्राथमिकताक्रममा रहेका बेरोजगार व्यक्तिको सङ्ख्याका आधारमा सम्बन्धित स्थानीय कार्यपालिकाले निर्णय गरी कार्यान्वयन गर्नु पर्नेछ ।

७. प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ को दफा ६८ अनुसार कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन गर्न प्राप्त भएको अनुदान रकम श्रमिकको पारिश्रमिकमा मात्रै खर्च गर्नु पर्ने भएकोले आयोजना सञ्चालनका लागि आवश्यक पर्ने निर्माण सामाग्री तथा अन्य सामग्री स्थानीय तहले लागत साझेदारी गर्नु पर्नेछ ।

घ) बजेटको प्रविष्टी तथा बजेट परिचालनका क्षेत्रहरु

८. मन्त्रालयबाट बुँदा नं.१ बमोजिमको ब.उ.सि. बाट LMBIS मार्फत हस्तान्तरण भएको अनुदान रकमको सुनिश्चित गरी SuTRA मा प्रविष्टि गर्नु पर्नेछ ।

९. बुँदा नं. ८ बमोजिम रकम प्रविष्टि गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

| बजेट उपशीर्षक | क्रियाकलाप संकेत नं. | क्रियाकलापको नाम | खर्च शीर्षक नं. | पुष्ट्याई |
|---|---|---|---|---|
| ३७१००१०२ (श्रोत: नेपाल सरकार अनुदान) | २.५.७.५ | रोजगार संयोजकको तलव | २२४१९ | रोजगार संयोजकको तलव |
| | १.२.१.१ | रोजगार संयोजकको स्थानीय भत्ता | २११३१ | रोजगार संयोजकको स्थानीय भत्ता |
| | २.५.७.७ | रोजगार संयोजकको पोशाक | २११२१ | रोजगार संयोजकको पोशाक |
| | २.३.१८.१ | कामका लागि पारिश्रमिक अनुदान | २२५२२ | कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन |
| ३७१००१०३ (श्रोत: सोधभर्नामा आधारित IDA ऋण) | १.४.३.२ | रोजगार सेवा केन्द्रको संचालन खर्च | | स्थानीय तहले श्रोत खुल्ने गरी खर्च शिर्षकमा रकम विनियोजन गरी प्रविष्टि गर्ने । |
| | | संचार | २२११२ | |
| | | कार्यालय संचालन | २२३११ | |
| | | अनुगमन मूल्याङ्कन | २२६११ | |
| | | विविध | २२७११ | |
| | २.५.७.८ | प्राविधिक सहायकको तलव | २२४१९ | श्रोत खुल्ने गरी रकम प्रविष्टि गर्ने । |
| | २.५.७.९ | प्राविधिक सहायकको स्थानीय | २११३१ | |

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं. ४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http://pmep.gov.np

प.सं. ..................
च.नं. /pmep/

| | | | | |
|---|---|---|---|---|
| | | भत्ता | | |
| | २.५.७.१० | प्राविधिक सहायकको पोशाक | २११२१ | |
| | २.५.३.५ | रोजगार सहायकको तलव | २२४१९ | श्रोत खुल्ने गरी रकम प्रविष्टि गर्ने । |
| | २.५.३.७ | रोजगार सहायकको पोशाक | २११२१ | |
| | २.५.३.६ | रोजगार सहायकको स्थानीय भत्ता | २११३१ | |
| | ११.३.७.६ | रोजगार सेवा केन्द्रको सुदृढीकरण | | स्थानीय तहले श्रोत खुल्ने गरी पूँजिगत खर्च शिर्षकमा रकम विनियोजन गरी प्रविष्टि गर्ने । |
| | | फर्निचर | ३११२३ | |
| | | मेशिनरी तथा औजार | ३११२२ | |
| | २.३.१८.५ | कामको लागि पारिश्रमिक | २२५२२ | कामका लागि पारिश्रमिक तथा बुँदा नं. १० मा उल्लेख भएको रोजगारमूलक तालिममा सहभागि हुने व्यक्तिको दैनिक ज्याला समेत । |

ङ) सीपमूलक तालिम

१०. आ.व. २०७८/७९ देखि मन्त्रालयले तोकिएको स्थानीय तहमा युवा रोजगारीको लागि रुपान्तरण पहल कार्यविधि, २०७६ दफा ३६ बमोजिम सीपमूलक तालिम सञ्चालन गर्नेछ । सीपमूलक तालिमका विषय तथा स्थानीय तहको छनौटका सम्बन्धमा थप जानकारी मन्त्रालयले उपलब्ध गराउने छ ।

११. बुँदा १० बमोजिम सीपमूलक क्रियाकलापमा संलग्न हुने लाभग्राही बुँदा नं. १४ मा छनौट भएकै बेरोजगार व्यक्ति हुनु पर्नेछ ।' निजहरुलाई ५० दिनको तालिम तथा बाकी ५० दिनको रोजगारी दिनु पर्ने छ । तालिम अवधिमा श्रमिकलाई स्थानीय तहलाई विनियोजन गरेको रकमबाट ज्यालाको रकम भुक्तानी दिनुपर्ने छ ।

च) स्थानीय रोजगार

१२. आ.व. २०७८/७९ देखि स्थानीय रोजगार रणनीति तर्जुमा गर्न २०० स्थानीय तहका लागि सशर्त अनुदानको रुपमा थप रकम पठाइनेछ । आगामी आर्थिक वर्ष देखि सुरु गरी क्रमागतरुपमा सबै स्थानीय तहलाई रणनीति तर्जुमा गर्ने गरी बजेट हस्तान्तरण हुनेछ ।

१३. सुचीकृत बेरोजगारहरुलाई स्थानीय तह भित्र नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह निजी क्षेत्र, सहकारी वा अन्य आयोजना कार्यक्रम व्यवसाय पेशा उद्यममा रोजगारी वा स्वरोजगारीमा आवद्ध गर्ने वा गैर सरकारी क्षेत्रका रोजगारीका लागि सहजीकरण गर्नुपर्नेछ ।

१४. बुँदा न १३ बमोजिम रोजगार वा स्वरोजगार हुन नसकेमा मात्र प्रधानमन्त्री रोजगार कार्यक्रमबाट उपलब्ध बजेट बमोजिम सञ्चालन हुने आयोजनामा बेरोजगार व्यक्तिको सूचिकरणको उपल्लो प्राथमिकताक्रममा रहेका व्यक्तिहरुलाई

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम

सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं. ४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http://pmep.gov.np

प.सं. ..................
च.नं. /pmep/

प्राथमिकताक्रम बमोजिम नै रोजगारीमा संलग्न गराउनु पर्नेछ । तर एउटै परिवारबाट दुई वा दुईभन्दा बढि व्यक्तिले रोजगारी प्राप्त गर्ने भएमा रोजगारी नपाउने सूचीकृत परिवारका सदस्यलाई प्राथमिकता दिनुपर्नेछ ।

१५. बुँदा १४ बमोजिम रोजगारीमा संलग्न गराउदा युवा रोजगारीका लागि रुपान्तरण पहल (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २४ (१) बमोजिम उपल्लो प्राथमिकताक्रममा रहेका व्यक्तिलाई युवारुप आयोजनाबाट सिर्जना हुने रोजगारीका अवसरमा संलग्न गराउनु पर्नेछ ।

१६. बुँदा १५ बमोजिम रोजगारीमा संलग्न गराइ सके पश्चात मात्रै सो भन्दा तल्लो प्राथमिकताक्रममा रहेका बेरोजगार व्यक्तिलाई नेपाल सरकारको अनुदानमा सञ्चालन हुने आयोजनामा संलग्न गराउनु पर्नेछ ।

१७. बुँदा १४ र १६ मा रहेका बेरोजगार व्यक्तिले रोजगार आयोजनामा संलग्न हुन इन्कार गरेमा वा तोकिएको आचरण पालना नगरेमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ दफा २२ बमोजिम बेरोजगार व्यक्तिको सूचिबाट हटाइ क्रमश: तल्लो प्राथमिकताक्रममा रहेका बेरोजगार व्यक्तिलाई एक सय दिनको रोजगारीमा परिचालन गर्नु पर्नेछ ।

छ) <u>आयोजनाको सञ्चालन</u>

१८. आगामी आर्थिक वर्षकोलागि बेरोजगार व्यक्ति ६६ भन्दा कम सूचीकरण भएका स्थानीय तहले प्राविधिक सहायकको म्याद थप वा नयाँ करार नगर्ने र रोजगार सहायकको समेत करार पदपुर्ति नगर्ने ।

१९. रोजगार सहायकको करार पदपूर्ति मन्त्रालयले उपलब्ध गराएको प्रक्रिया बमोजिम हुनेछ ।

२०. रोजगार संयोजकको हकमा कामको बार्षिक मूल्यांकन सम्बन्धित गाँउ कार्यपालिका वा नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीले स्वीकृत बार्षिक कार्ययोजनामा आधारित मूल्यांकन गर्नुपर्नेछ । रोजगार संयोजकको मूल्यांकन गरी निजले प्राप्त गरेको कार्यसम्पादन सहित यही असार मसान्त भित्र रोजगार संयोजकको करार सेवामा म्याद थप गरी पुन: काममा लगाउन मन्त्रालयको पूर्व स्वीकृति अनिवार्य रुपमा लिनु पर्नेछ ।

२१. प्राथमिकताक्रममा रहेकामा बेरोजगार व्यक्तिलाई एक सय दिनको रोजगारी सुनिश्चित हुने गरी बुँदा ६ मा उल्लेख भएको आयोजना बैङ्कबाट आयोजना सञ्चालन गर्नु पर्नेछ ।

ज) <u>खर्च गर्ने तथा प्रतिवेदन पेश गर्ने</u>

२२. अर्थ मन्त्रालयबाट दोस्रो त्रैमासिक भुक्तानिका लागि ३०% र तेस्रो त्रैमासिक भुक्तानिको लागि न्यूनतम ५०% भौतिक प्रगतिका आधारमा मात्र बजेट निकासा हुने हुनाले सो अनुसार खर्चको नियमित प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ ।

२३. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिकाको दफा २७(२) बमोजिम रोजगारीको दिनको आधारमा श्रमिकलाई मासिक पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ । यस प्रकारको भुक्तानी गर्दा आयोजनाको मासिक प्राविधिक मूल्याङ्कन (रनिङ्ग बिल) गरी सोको आधारमा ज्यालामा हुने रकमलाई कूल हाँजिरी दिनले भाग गरी सम्बन्धित व्यक्तिको हाँजिरी

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

प्रधानमन्त्री रोजगार कार्यक्रम

सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं. ४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http://pmep.gov.np


प.सं. ..................

च.नं. /pmep/

दिनले गुणन गर्दा हुन आउने रकम प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ को दफा २७ र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७३ को दफा ४५ बमोजिम भुक्तानी गर्नु पर्नेछ ।

२४. युवारुप आयोजनाको वित्तीय व्यवस्थापन 'युवा रोजगारीका लागि रुपान्तरण पहल (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६' को परिच्छेद १३ बमोजिम हुनु पर्नेछ ।

२५. सशर्त अनुदानबाट खर्च हुने रकम अनिवार्य रुपमा बैङ्क मार्फत भुक्तानी गर्नु पर्नेछ । स्थानीय तहमा बैङ्क नभएको विशेष परिस्थितीमा मात्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २८(२) नगदमै भुक्तानी दिन सकिनेछ ।

२६. स्थानीय तहबाट भएका खर्चको लेखाङ्कन तथा भुक्तानी SuTRA प्रणालीबाट र भौतिक तथा वित्तीय प्रगति EMIS मार्फत नियमितरुपमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

२७. प्र.म.रो.का. सम्बन्धी प्रचलित कानूनले तोकेको व्यवस्था भन्दा बाहिर खर्च गर्न पाइने छैन । तोकेको क्षेत्र भन्दा बाहिर खर्च भएमा उक्त खर्च गर्ने व्यक्ति तथा निकाय स्वयमको जिम्मेवारी रहनेछ ।

## झ) अवण्डा रहेको कामका लागि पारिश्रमिक अनुदानको रकमको बाँडफाँड

२८. स्वीकृत वार्षिक कार्यक्रम बमोजिम कामका लागि पारिश्रमिकका लागि नेपाल सरकारको श्रोततर्फको सशर्त अनुदान रु. ३ अर्ब ६७ करोड ५४ लाख रहेको र उक्त रकम बेरोजगार व्यक्तिको सङ्ख्या तथा स्थानीय तहको भौतिक र वित्तीय प्रगतिको आधारमा मात्र थप निकासा पठाइनेछ सो को स्थानीय तहगत अनुमानित बाँडफाँट सम्बन्धी विवरण www.pmep.gov.np मा उपलब्ध छ ।

## ञ) चालु आ.व. २०७७/७८ मा खर्च नभई बाँकि रहेको रकम फिर्ता गर्ने सम्बन्धमा

२९. चालु आर्थिक वर्ष २०७७/७८ का लागि उपलब्ध गराइएको अनुदानको रकम आर्थिक बर्षको सम्बन्धित कोष तथा लेखा नियन्त्रकको कार्यालय मार्फत हिसाब मिलान गरी बाँकि रहेको अनुदान रकम आर्थिक बर्ष समाप्त भएको मितिले १५ दिनभित्र कार्यक्रमको नाम, बजेटको श्रोत तथा बजेट उपशिर्षक उल्लेख गरी छुट्टा छुट्टै बैङ्क भौचरबाट दाखिला गरी सोको जानकारी मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(... पौडेल)
शाखा अधिकृत

बोधार्थः

श्री अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम शाखा, सिहदरबार ।

श्री महालेखा नियन्त्रकको कार्यालय, अनामनगर ।

श्री कोष तथा लेखा नियन्त्रण कार्यालय, सबै ।